892

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ४६०/२०७१/०७२

निर्णय नं २५

बाँके जिल्ला गनापुर गा.वि.स. वार्ड नं. २ बस्ने नारायण पाल गडरिया ..........................१ निवेदक

**विरूद्ध**

कार्यालय प्रमुख, आर्दश उच्च मा.वि. राँझा बाँके ..........................................................१ विपक्षी
सूचना अधिकारी, आर्दश उच्च मा.वि. राँझा बाँके ..........................................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

बाँके जिल्ला गनापुर गा.वि.स. वार्ड नं. २ बस्ने नारायण पाल गडरियाले आर्दश उच्च मा.वि. राँझा बाँके समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०३।२१ मा निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी आर्दश उच्च मा.वि. राँझा बाँकेका कार्यालय प्रमुख र सूचना अधिकोरीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

**तपसिल**

१. त्यस विद्यालयको कति वटा सटर भाडामा दिइएको छ, कसरी दिइएको त्यसको सम्झौताको प्रमाणित प्रतिलिपि ।
२. त्यस विद्यालयको नाममा कति जग्गा छ, कहाँ छ त्यसवाट केही आम्दानी भएको छ छैन ? ... भने हालसम्म कति भएको सो को विवरण ।
३. त्यस विद्यालयको भाडामा रहेको सटरबाट आर्थिक वर्ष २०७०।०७१ मा कति रकम संकलन भएको छ ? सो को प्रमाणित प्रतिलिपि ।
४. सो बिद्यालयमा जम्मा कति जना शिक्षक र विद्यार्थी संख्या छ सो को विवरण पाउँ ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल साउन २९ गते रोज ६ शुभम् ।